आर्थिक वर्ष २०७८/७९ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमहरूको २०७८ पुसमसान्तसम्मको

प्रगति विवरण

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाण्डौ

माघ, २०७८

१. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, सो क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजा समेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयनपश्चात मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा यो प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिलमा सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदन समेतलाई एकै प्रणालीमार्फत् गर्ने र अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम हुने तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित रही दीर्घकालीन प्रयोगमा समेत ल्याउन सकिन्छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

चालु आर्थिक वर्षको पुस महिनासम्ममा नतिजा सूचकहरूको प्रगति स्थिति, बजेट खर्चको स्थिति, क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति र मन्त्रालयहरूबाट पुस महिनासम्ममा हासिल/सम्पादन हुनुपर्ने तर हुन नसकेका मुख्य क्रियाकलाप तथा माइलस्टोनको प्रगति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांक एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त खर्चसम्बन्धी विवरणमा आधारित छन्।

चालु आ.व. मा सरकारले अध्यादेश मार्फत् बजेट तथा कार्यक्रम घोषणा गरी कार्यान्वयनयमा ल्याइएकोमा उक्त बजेट कार्यक्रम अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सबै मन्त्रालयहरू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, लगानी बोर्डको कार्यालय र राष्ट्रिय योजना आयोग समेत गरी ११८० क्रियाकलाप र २५७९ माइलस्टोनहरूमा कार्ययोजनालाई व्यवस्थित गरिएको थियो। त्यसपछि प्रतिस्थापन बिधेयक मार्फत् नयाँ बजेट तथा कार्यक्रमको घोषणा भएपश्चात कार्ययोजनालाई संशोधन गरी मन्त्रालय/निकायहरूका १२१४ क्रियाकलाप र २६३७ माइलस्टोन निर्धारण गरिएकोमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विघटन भई क्रियाकलापहरू हस्तान्तरणकै प्रक्रियामा रहेको

मन्त्रालय तथा निकायहरूले पुस महिनासम्म सुरु वा सम्पन्न गर्नुपर्ने क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिशत लेखाचित्र-१ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-१

कुल क्रियाकलाप तथा समीक्षा अवधिमा सम्पन्न वा सुरु हुनुपर्ने माईलस्टोनहरूको पुससम्मको प्रगति स्थिति





३. खर्च सम्बन्धी प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये पुस मसान्तसम्ममा ३१.०४% खर्च भएको छ। यसमध्ये चालुतर्फ ३८.२४%, पूँजीगततर्फ १३.३६% तथा वित्तीयतर्फ २६.११% खर्च भएको छ। कुल खर्चसम्बन्धी विवरण तालिका-३ मा राखिएको छ।

तालिका-३

२०७८ पुससम्मको कुल खर्च विवरण

रु. अर्बमा

विषय	चालु	पूँजीगत	वित्तीय	कुल
कुल बजेट	१०६३.०६	३८०.३२	१८९.४४	१६३२.८२
पुससम्मको खर्च	४०६.५०	५०.८१	४९.४७	५०६.७८
खर्च प्रतिशत	३८.२४	१३.३६	२६.११	३१.०४

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

(ख) माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा पुससम्म सम्पन्न हुनुपर्ने माईलस्टोनहरूमध्ये करिव एक चौथाई माइलस्टोन मात्र सम्पन्न भएका छन्। यस अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ५३.५% चालु अवस्थामा रहेका छन् भने २१.९३% सुरु हुन सकेका छैनन् जसमध्ये सबै भन्दा धेरै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सम्पन्न हुनुपर्नेमध्ये ७.२२% माइलस्टोन मात्र सम्पन्न भएको र ४८.४५% माईलस्टोन सुरु नै हुन नसकेको अवस्था देखिएको छ। तुलनात्मक रूपमा सबैभन्दा धेरै ४५.४ माइलस्टोन सम्पन्न भएको अर्थ मन्त्रलायको ४२% माइलस्टोन चालु अवस्थामा रहेको देखिएको छ भने १२.६१% भने सुरु नै हुनसकेको छैन। त्यसैगरी पुससम्म निश्चित लक्ष्य हासिल गरी चालु रहनुपर्ने माइलस्टोनहरूमध्ये ९०.५% चालु अवस्थामा रहेका छन्। यस्ता माइलस्टोनहरूमध्ये संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको १००% चालु अवस्थामा रहेको देखिएको छ। पुससम्म सुरु हुनपर्नेमध्ये तुलनात्मक रूपमा सवैभन्दा धेरै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको ३७.१% माइलस्टोन सुरु नभएको देखिएको छ। यस क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति सम्बन्धी विवरण तालिका-५ मा प्रस्तुत गरिएको छ ।

तालिका-५

आर्थिक क्षेत्रका निकायहरूको माइलस्टोनहरूको पुस मसान्तसम्मको प्रगति स्थिति

क्र. सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुस सम्म सम्पन्न हुनुपर्ने	पुससम्म सम्पन्न हुनुपर्नेमध्ये						पुस भित्र सुरु हुनुपर्ने	पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	अर्थ	१७९	११९	५४	४५.४	५०	४२	१५	१२.६१	२४	२२	९१.७	२	८.३३	११.८९
२	कृषि तथा पशुपंक्षी	२२२	११५	१९	१६.५	६३	५४.८	३३	२८.७	५७	५३	९३	४	७.०२	२१.५१
३	उद्योग, वाणिज्य	१६७	९७	७	७.२२	४३	४४.३	४७	४८.४५	३५	२२	६२.९	१३	३७.१	४५.४५
४	संस्कृति, पर्यटन	१६४	६८	११	१६.२	५७	८३.८	०	०	४५	४५	१००	०	०	०
५	वन तथा वातावरण	७५	२५	११	४४	१२	४८	२	८	३५	३२	९१.४	३	८.५७	८.३३३
६	भूमि व्यवस्था	६४	२०	४	२०	१३	६५	३	१५	२१	२१	१००	०	०	७.३१७
७	लगानी बोर्ड	४३	१२	६	५०	६	५०	०	०	१४	१४	१००	०	०	०
कुल		९१४	४५६	११२	२४.६	२४४	५३.५	१००	२१.९३	२३१	२०९	९०.५	२२	९.५२	१७.७६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-७ मा प्रस्तुत गरिएको छ।

तालिका-७

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार तथा यातायात	६७	०	०	३२	४७.७६	३५	५२.२४
२	ऊर्जा, जलस्रोत तथा सिंचाई	८८	२	२.२७	६४	७२.७३	२२	२५
३	शहरी विकास	३५	१	२.८६	३२	९१.४३	२	५.७१
४	खानेपानी	३४	०	०	२१	६१.७६	१३	३८.२४
५	सञ्चार तथा सूचना प्रविधि	५६	१०	१७.८६	३८	६७.८६	८	१४.२९
	कुल	२८०	१३	४.६४	१८७	६६.७९	८०	२८.५७

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र रहेका मन्त्रालयहरूमध्ये भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पुस मसान्तसम्ममा सम्पन्न हुनुपर्ने मध्ये ६८.२९% सुरु हुन सकेका छैनन भने १७.१% सम्पन्न र १४.६% चालु अवस्थामा रहेको देखिएको छ। खानेपानी मन्त्रालयको पुससम्म सम्पन्न हुनुपर्ने १९ माईलस्टोन मध्ये कुनैपनी सम्पन्न भएको देखिँदैन। त्यस्तै पुस मसान्तसम्म सुरु हुनुपर्ने माइलस्टोनमध्ये सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १००% सुरु भएको देखिएको छ। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-८ मा प्रस्तुत गरिएको छ।

तालिका-८

पूर्वधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थति

क्र. सं.	मन्त्रालय/ निकाय	माइलस् टोन संख्या	पुस सम्म सम्पन्न हुनुपर्ने	पुससम्म सम्पन्न हुनुपर्नेमध्ये						पुसभित्र सुरु हुनुपर्ने	पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	भौतिक पूर्वाधार तथा यातायात	१४९	४१	७	१७.१	६	१४.६	२८	६८.२९	४०	३२	८०	८	२०	४४.४
२	ऊर्जा, जलस्रोत तथा सिंचाई	३०४	१०३	१२	११.७	७२	६९.९	१९	१८.४५	११८	१११	९४.१	७	५.९३२	११.८
३	सहरी विकास	५८	१७	५	२९.४	९	५२.९	३	१७.६५	२६	२५	९६.२	१	३.८४६	९.३
४	खानेपानी	८१	१९	०	०	१०	५२.६	९	४७.३७	३९	३१	७९.५	८	२०.५१	२९.३
५	सञ्चार तथा सूचना प्रविधि	१४२	९६	४७	४९	२१	२१.९	२८	२९.१७	५	५	१००	०	०	२७.७
कुल		७३४	२७६	७१	२५.७	११८	४२.८	८७	३१.५२	२२८	२०४	८९.५	२४	१०.५३	२२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

चालु रहेकामा सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका ८२.१४% रहेको छ। सुरु नभएका कुल क्रियाकलापहरू १९.९२% मध्ये सबैभन्दा धेरै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका २६.९२% र सबभन्दा कम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका ७.१४% रहेका छन्। सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-१० मा प्रस्तुत गरिएको छः-

तालिका-१०

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५४	१५	२७.७८	२७	५०	१२	२२.२२
२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५५	७	१२.७३	३४	६१.८२	१४	२५.४५
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	२८	३	१०.७१	२३	८२.१४	२	७.१४
४	युवा तथा खेलकुद मन्त्रालय	७३	४	५.४८	५७	७८.०८	१२	१६.४४
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	२६	१	३.८५	१८	६९.२३	७	२६.९२
कुल		२३६	३०	१२.७१	१५९	६७.३७	४७	१९.९२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

यस क्षेत्रका कुल ४९१ माइलस्टोनमध्ये पुससम्म सम्पन्न हुनुपर्ने ३२३ र पुससम्ममा प्रारम्भ भई पछाडिको महिनामा सम्पन्न हुनुपर्ने ७१ माइलस्टोन रहेका छन्। सम्पन्न हुनुपर्ने माइलस्टोन मध्ये केवल २४.१% माइलस्टोन मात्र सम्पन्न भएका, ४७.७% माइलस्टोन चालु रहेका र २८.२% माइलस्टोन सुरु हुन सकेका छैनन्।

त्यसैगरी पुससम्ममा सुरु भई पछाडिको महिनामा सम्पन्न हुने माइलस्टोन मध्ये ८४.५% माइलस्टोन सुरु भएका र १५.४९% माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका क्रमशः ४५.२% र ३३.३% रहेका छन् भने सबभन्दा कम युवा तथा खेलकुद मन्त्रालयका ४.४६% देखिएको छ। चालु अवस्थामा सबैभन्दा धेरै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका

तालिका-१२

सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क.स.	मन्त्रालय	माइल्स्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	शिक्षा, विज्ञान तथा प्रविधि	११५	३३	१	१७	१५
२	स्वास्थ्य तथा जनसंख्या	१३२	२९	१	२१	७
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	४८	६	०	६	०
४	युवा तथा खेलकुद मन्त्रालय	१५३	५	०	५	०
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	४३	५	०	१	४
कुल		४९१	७८	२	५०	२६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.४ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, रक्षा, सङ्घीय मामिला तथा सामान्य प्रशासन, कानुन न्याय तथा संसदीय मामिला र परराष्ट्र मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कुल १८४ क्रियाकलाप रहेकामा यस अवधिसम्ममा केवल २.१७% क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने ७९.३५% चालु रहेका र १८.४८% क्रियाकलापहरू सुरु हुन सकेका छैनन्। हालसम्म सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका १/१ क्रियाकलाप सम्पन्न भएका र अन्य निकायका कुनैपनि क्रियाकलापहरू सम्पन्न हुन सकेका छैनन्। त्यसैगरी सबैभन्दा धेरै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका १००% क्रियाकलाप चालु रहेको देखिन्छ भने राष्ट्रिय योजना आयोग को सबैभन्दा धेरै ३३.३३% क्रियाकलाप सुरु नभएको देखिएको छ।

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति तालिका-१३ मा प्रस्तुत गरिएको छः

तालिका-१४

शासकीय सुधार क्षेत्रका माइलस्टोनको पुस मसान्तसम्मको प्रगति विवरण

क्र.सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुससम्म सम्पन्न हुनुपर्ने	पुससम्म सम्पन्न हुनुपर्नेमध्ये						पुस भित्र सुरु हुनुपर्ने	पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रति शत	सं ख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	प्र.म. तथा म.प.को कार्यालय	३५	२०	५	२५	१३	६५	२	१०	५	४	८०	१	२०	१२
२	गृह	१०७	७९	८	१०.१	६९	८७.३	२	२.५३	१६	१५	९३.८	१	६.२५	३.१६
३	रक्षा	६६	३१	११	३५.५	१८	५८.१	२	६.४५	७	६	८५.७	१	१४.२९	७.८९
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	८१	२५	१०	४०	१५	६०	०	०	२१	२१	१००	०	०..	०
५	कानुन, न्याय तथा संसदीय मामिला	१२	२	१	५०	१	५०	०	०	१०	९	९०	१	१०	८.३३
६	परराष्ट्र	४०	११	२	१८.२	६	५४.५	३	२७.३	१२	११	९१.७	१	८.३३	१७.४
७	राष्ट्रिय योजना आयोग	४७	१७	५	२९.४	१२	७०.६	०	०	३	३	१००	०	०	०
	कुल	३८८	१८५	४२	२२.७	१३४	७२.४	९	४.८६	७४	६९	९३.२	५	६.७६	५.४१

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७८/७९ लागि निर्धारित माइलस्टोनहरू मध्ये ४२ माइलस्टोनहरू मात्र सम्पन्न भएकामा यी माइलस्टोनहरूको समयसीमाका आधारमा अध्ययन गर्दा कुनैपनि माइलस्टोन छिटो सम्पन्न भएको देखिँदैन भने निर्धारित समयमै सम्पन्न भएका ३८ र ढिलो गरि सम्पन्न भएका ४ छन्।

समयसारिणिका आधारमा शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका १५ मा प्रस्तुत गरिएको छ।

- देशमा राजनीतिक परिवर्तनसँगै कार्यपालिकीय नेतृत्व परिवर्तन भई नयाँ सरकार गठन भएको तथा अध्यादेश मार्फत घोषणा भएको बजेट तथा कार्यक्रम प्रतिस्थापन विधेयक मार्फत् संशोधन भएकोले समेत कार्यान्वयनमा केही समय अन्यौलता रहेको र संसदबाट प्रतिस्थापन विधेयक अनुमोदन भएपछि मात्र कार्यक्रमहरूको कार्यान्वयन प्रारम्भ भएकोले संशोधित कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइएको छ।

- वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्ने क्रममा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा सघन छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यताको विश्लेषण गरी सम्भव भएसम्म आवद्ध गराउने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो।

- उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमाका हकमा आश्विन महिना, विद्यमान कानुन संशोधन तथा कानुनको पूर्वतयारी भएका आयोजना तथा क्रियाकलापहरु संचालनको लागि बोलपत्र सूचना प्रकाशन कार्य श्रावण मसान्तसम्म सम्पन्न गर्ने र उक्त बोलपत्रको सम्झौता आश्विन मसान्तसम्म सम्पन्न गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी मन्त्रालय तथा निकायहरूका बजेट कार्यान्वयन कार्ययोजनाहरूलाई अन्तिम रूप प्रदान गरिएको थियो।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विघटन भएको छ। उक्त प्राधिकरणको कार्य जिम्मेबारीको रूपमा रहेका ४७ क्रियाकलाप र ११० माईलस्टोनहरूको हस्तान्तर र स्वामित्व ग्रहण प्रक्रिया पुरा गरी जिम्मेवार निकायले यथाशीघ्र वार्षिक कार्ययोजनामा समावेश गर्नुपर्ने छ।

- यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएको मन्त्रालय तथा निकायहरूको स्वीकृत वार्षिक कार्ययोजना अनुसार प्रथम त्रैमासिक समीक्षा अवधिसम्म मन्त्रालयहरूले विद्यमान कानुनहरू (कार्यविधि, निर्देशिका आदि) को संशोधन कार्य, बोलपत्र आव्हान तथा सूचना प्रकाशन कार्य, लागत अनुमान तयार गर्ने तथा प्रस्ताव आव्हान गर्ने जस्ता प्रारम्भिक कार्यहरू सम्पन्न गरिसक्नु पर्नेमा अर्धवार्षिक समिक्षा अवधिसम्ममा पनि सो कार्य पुरा हुन सकेको देखिएको छैन।

तालिका-१६

सुरु नभएका माइलस्टोनको वर्गीकृत तालिका

क्र.स.	मन्त्रालय/निकाय	सम्पन्न हुनुपर्ने तर सुरु नभएका माइलस्टोनहरुको सम्पन्न हुनुपर्ने महिना							पुस सम्म सुरु भई पछाडिको महिनामा सम्पन्न हुने मध्ये सुरु नभएको	कुल जम्मा
		श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पुस	जम्मा		
१	उर्जा			१५	१	२	१	१९	७	२६
२	अर्थ	५	२	७	१			१५	२	१७
३	उद्योग	७	११	१४	३	५	७	४७	१३	६०
४	कृषि	१	११	८	८	५		३३	४	३७
५	कानून							०	१	१
६	खानेपानी			१	२	५	१	९	८	१७
७	गृह				१		१	२	१	३
८	परराष्ट्र			२			१	३	१	४
९	प्रधानमन्त्री					१	१	२	१	३
१०	भूमि				१	२		३		३
११	भौतिक	४	२	७	९		६	२८	८	३६
१२	युवा	१४	३	२३			११	५१	२	५३
१३	रक्षा				१		१	२	१	३
१४	शहरी				२	१		३	१	४
१५	वन			३				३	३	६
१६	शिक्षा				१	१		२		२
१७	श्रम	१	१	१	१	१	१	६	४	१०
१८	संचार	२	२	७	७	४	६	२८		२८
१९	स्वास्थ्य			४	११	७	११	३३	४	३७
	कुल	३४	३२	९२	४९	३४	४८	२८९	६१	३५०

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- माथि तालिकामा देखाइए जस्तै सम्पन्न हुनुपर्ने २८९ माइलस्टोनको कार्य हालसम्म सुरु हुन नसकेको देखिएको छ। यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरण अध्ययन गर्दा चालु आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने कार्य सुरु हुन नसक्नुमा अधिकांश विषयहरूमा स्पष्ट कारण खुलाइएको छैन या त कुनै पनि विषयको रिपोर्टिङ गरिएको छैन। कारण खुलाइएका मध्ये धेरैजसो कार्यहरू सम्बन्धित मन्त्रालय तथा निकायहरूको आवश्यक पूर्वतयारी नपुगेको कारणले उक्त कार्यमा

- माथिको तलिकालाई विश्लेषण गर्दा हालसम्म सुरु वा सम्पन्न हुनुपर्ने मध्ये कार्य सुरु हुन नसक्नुका कारणहरूमा पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागू गर्ने, बोलपत्र सम्बन्धी कागजातहरू तयार गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, सेवा निकाय छनौटका लागि सूचना प्रकाशन गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा संचालन ढाँचा तयार गर्ने जस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने माइलस्टोनहरू समयमै सम्पन्न हुन नसक्दा त्यसपछि सञ्चालन हुने क्रियाकपालहरू स्वतः प्रभावित हुने कुरा स्वयंसिद्ध नै छ।
- त्यसैगरी बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट समेत कार्यक्रमहरू प्रभावित भएको देखिन्छ। पुस मसान्तसम्म सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनहरू मध्ये ३५ माइलस्टोनहरू यस कारणबाट प्रभावित छन्।
- कार्यक्रमहरू सुरु हुन नसक्नुको कारण जनशक्ति अभाव समेत रहेको भनी मन्त्रालयहरूबाट प्रतिवेदन भएको छ। आवश्यक जनशक्ति समयमै तोकिए बमोजिम व्यवस्था गर्न नसक्नु सम्बन्धित मन्त्रालय एवम् जनशक्ति सम्बन्धी सम्बन्धित सेवा सञ्चालन गर्ने निकायको कमजोरी हो। कतिपय निकायहरूले समयमै संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नभएकोले यस्तो अवस्था सृजना भएको भनी उल्लेख गरेकाले यसमा सम्बन्धित निकायहरूले ध्यान दिई तोकिएको दरबन्दी बमोजिम जनशक्ति आपूर्तिमा सहजीकरण गर्नुपर्दछ।
- अन्य निकायसंगको समन्वयको कमी, अन्य निकायबाट सहमति प्राप्त नहुने वा सम्बन्धित निकायबाट नियमावली वा कार्यविधि जस्ता विषयहरू स्वीकृत/संशोधन आदि नभएको कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएको छ र पहिलो चौमासिकमै यसरी प्रभावित हुने माइलस्टोनहरूको संख्या उल्लेख्य रहेकोले समन्वयलाई प्रभावकारी बनाउन आवश्यक छ। अन्तर निकाय सहमति/राय प्राप्त गर्नुपर्ने/प्रदान गर्ने बिषयमा तोकिएको समयसीमामा रही कार्यसम्पादन गर्नुपर्दछ। यस्ता विषयहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजीकरण गरिनुपर्दछ।
- नेपालमा विकास प्रशासनमा प्रमुख समस्याको रूपमा रहेको जग्गा प्राप्तिको विषयबाट प्रभावित माइलस्टोनहरूको संख्या चालु आ.व.को यस अवधिमा १२ रहेको छ। जग्गा प्राप्तिको लागि समेत सम्बन्धित निकायहरूसंग पर्याप्त समन्वयको आवश्यकता छ साथै स्थान छनौट वा जग्गा प्राप्ति जस्ता सामान्य पूर्वतयारीका विषय पूरा नभई आयोजना/कार्यक्रम छनौट गर्ने परिपाटी समेत अन्त्य हुन आवश्यक छ।

(छ) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(ज) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाई रहने र संस्थागत अभिलेख समेत रहन्छ।

(झ) आयोजना/कार्यक्रम कार्यान्वयमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नु पर्दछ।